श्री
# सर्वोच्च अदालत
(आन्तरिक तथा जिन्सी प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं. २६३१

मिति २०७५।१२।१४

विषय : परिपत्र सम्बन्धमा।

श्री जिल्ला अदालत सबै।

उपर्युक्त विषयमा मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २८७ मा व्यवस्था भएबमोजिम अदालती कार्यविधिका सम्बन्धमा कुनै बाधा अड्चन परेमा आवश्यक निकासा दिनको लागि यस अदालतमा गठन भएको बाधा अड्काउ फुकाउने संयन्त्रमा मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा १७३(२) मा प्रयोग भएको तीन पुस्ताको भन्ने शब्दले महिलाको हकमा निजको पतितर्फको तीन पुस्ता गनिने हो वा माइती तर्फको पनि गनिने हो सो सम्बन्धमा द्विविधा परेको भनी बारा जिल्ला अदालतबाट लेखिआएको सन्दर्भमा मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा १७३ को उपदफा (१) को खण्ड (क) ले **"१४ वर्ष उमेर पूरा गरेको"** व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्रीको रुपमा लिन वा दिन हुँदैन भनी गरेको व्यवस्थालाई उक्त दफाको उपदफा (२) ले विस्तृत गर्दै तीन पुस्ता भित्रको नाताको व्यक्ति भएमा १४ वर्ष नाघेको व्यक्तिलाई पनि धर्मपुत्र वा धर्मपुत्री राखन सकिने छ भन्ने व्यवस्था गरेको देखिन्छ। उक्त उपदफा (२) मा उल्लेख भएको **"तीन पुस्ता भित्रको नाता"** भन्नाले पुरुष तर्फमात्र भन्ने छुट्याएको नदेखिदा धर्मपुत्र र धर्मपुत्री लिने वा दिने सम्बन्धमा कानूनले तोकेको सबै शर्त बन्देजहरु पूरा भएको अवस्थामा धर्मपुत्र राखने प्रयोजनका लागि पुरुष र महिला दुबै तर्फका तीन पुस्ता भित्रका व्यक्तिलाई समावेश गरिएको देखिएको हुँदा सोही अनुसार गर्नु हुन उक्त संयन्त्रको मिति २०७५।१२।११ गतेको निर्णयानुसार अनुरोध गर्दछु।

२०७५।१२।१४

गोविन्दप्रसाद घिमिरे
शाखा अधिकृत